केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२६/०७५/७६ मिति: २०७६/०२/१७

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन - २०७५ को इ.प्रा. निर्देशन नं. १४/०७५ को बुँदा नं. ५ लाई देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**५. एक्सटेन्सन् काउण्टर सम्बन्धी व्यवस्थाः**

(क) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले एक्सटेन्सन काउण्टर खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ। तर, खण्ड (ख) बमोजिमका शर्तहरु पुरा गरेका इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले काठमाण्डौ उपत्यका, महानगरपालिका र उपमहानगरपालिका बाहेकका क्षेत्रमा एक्सटेन्सन काउण्टर खोल्न यस बैंकको स्वीकृति लिनुपर्ने छैन।

(ख) एक्सटेन्सन काउण्टर खोल्नका लागि इजाजतपत्रप्राप्त संस्थाहरुले देहायका शर्तहरु पुरा गरेको हुनुपर्ने छ :-

(अ) यस बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात तथा चुक्ता पुँजी कायम गरेको।

(आ) निष्क्रिय कर्जा अनुपात ५ प्रतिशत भन्दा बढी नभएको,

(इ) यस बैंकबाट तोकिएको ब्याजदर अन्तर कायम गरेको,

(ई) चालु तथा अघिल्लो आर्थिक वर्षमा अनिवार्य मौज्दात बाहेक यस बैंकबाट अन्य कुनै कारवाहीमा नपरेको,

(ग) खण्ड (ख) बमोजिमका शर्तहरु पुरा गरेका इजाजतपत्रप्राप्त संस्थाहरुले काठमाण्डौ उपत्यका, महानगरपालिका र उपमहानगरपालिका भित्र रहेका अदालत, अस्पताल, सैनिक ब्यारेक, विश्वविद्यालय, क्याम्पस, विद्यालय, सरकारी कार्यालय, औद्योगिक क्षेत्र तथा विदेशी कुटनैतिक नियोगहरुको सिफारिसमा उक्त निकायहरुको हाताभित्र वा अधिकतम २०० मिटरसम्मको दूरीभित्रमा एक्सटेन्सन काउण्टर खोल्नका लागि आवेदन पेश गरेमा आवश्यकता र औचित्यता हेरी स्वीकृति प्रदान गर्न सकिने छ।

(घ) एक्सटेन्सन काउण्टरबाट खाता खोल्न सहजिकरण गर्ने, निक्षेप संकलन गर्ने र निक्षेप खाताबाट रकम भुक्तानी गर्ने कार्य मात्र गर्न सकिनेछ।

(ङ) एक्सटेन्सन काउण्टरबाट विदेशी मुद्राको खरिद/बिक्री सम्बन्धी कार्य गर्न चाहेमा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट इजाजतपत्र लिनु पर्नेछ।

(च) शाखा कार्यालय स्थापना/विस्तार गर्न तोकिएका शर्तहरु पुरा गरेका इजाजतपत्रप्राप्त संस्थाहरुले यस बैंकको पूर्व स्वीकृति प्राप्त गरी वैदेशिक रेमिट्यान्स रकम भुक्तानी गर्ने प्रयोजनको लागि

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

रेमिट्यान्स भुक्तानी काउण्टर सञ्चालन गर्न सक्नेछन् ।

(छ) इजाजतपत्रप्राप्त संस्थाले एक्स्टेन्सन काउण्टरको हिसाव मिलानको लागि नजिकको शाखा तोक्नु पर्नेछ ।

(ज) एक्स्टेन्सन काउण्टर शाखामा परिवर्तन हुने भएमा शाखा स्थापना सम्बन्धी नीतिगत प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(झ) यस बैंकको मिति:२०७४/१२/१४पत्रसंख्या :बैं.वि.नि.वि/नीति/परिपत्र/कखग/१८/०७४/७५ को परिपत्रमा तोकिएबमोजिमका बैकिङ्ग सुविधा नपुगेका ११६ स्थानीय तहमा जुन बाणिज्य बैंकले शाखा कार्यालय खोलेको छ सो बाहेक अन्य बैंक/वित्तीय संस्थाले परिपत्रको मितिले तीन वर्षसम्म एक्सटेन्सन् काउण्टर खोल्न पाउने छैनन् ।

भवदीय,

(बम बहादुर मिश्र)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।